# राष्ट्रिय विकास समस्या समाधान समितिको २०७३ भाद्र २७ मा बसेको ३७ औं बैठकले गरेका निर्णयहरु

१. सम्भाव्य जलाशययुक्त आयोजनाको पहिचान, प्राथमिकीकरण र सो क्षेत्रभित्र वा वरपरी निर्माण हुने अन्य पूर्वाधार आयोजनाको सम्बन्धमा उर्जा लगायत अन्य मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय योजना आयोगले दुई महिनाभित्र मापदण्ड र योजना तयार गर्ने ।

२. बुढीगण्डकी जलविद्युत आयोजनालाई छिटो कार्यान्वयन गर्न जग्गा अधिग्रहण, मुआब्जा, पुनर्वास एवम् पुनर्स्थापना कार्यका लागि छुट्टै संरचना बनाउने सम्बन्धमा उर्जा मन्त्रालयले अन्य निकायको परामर्श लिई दुई महिनाभित्र टुग्यांउने ।

३. थानकोट-चापागाउँ १३२ के भि प्रसारण लाइन आयोजनाको ललितपुर खण्डमा रहेको सुरक्षा र मुआब्जासम्बन्धी समस्याका सम्बन्धमा आवश्यक परे सुरक्षा निकायको समेत सहयोग लिई उर्जा मन्त्रालयले यथाशीघ्र समाधान गर्ने ।

४. व्यापार घाटालाई न्यूनीकरण गर्दैजाने सन्दर्भमा व्यापार क्षमता अभिवृद्धि र निर्यात प्रवर्द्धनका लागि सम्बद्ध सबै मन्त्रालय र निकायले नेपाल व्यापार एकीकृत रणनीति, २०७३ को कार्यान्वयनमा विशेष प्राथमिकता दिई उक्त रणनीतिको कार्ययोजना अनुसार सम्वन्धित मन्त्रालय तथा निकायहरुले विषयक्षेत्रगत लक्ष्य सहित नीति, कार्यक्रम र प्राथमिकतामा समावेश गरी अभियानका रुपमा संचालन गर्ने ।

५. समस्याग्रस्त सहकारीको सम्पत्ति व्यवस्थापन लगायत सहकारी क्षेत्रको व्यवस्थापनका लागि कानुनी व्यवस्थाको अभाव रहेकाले व्यवस्थापिका संसदमा दर्ता भएको सहकारी ऐन, २०७२ पारित गराउन विशेष पहल गर्ने ।

६. निजी क्षेत्रको लगानीमा उत्पादन हुने ठूला सौर्य ऊर्जाबाट उत्पादित विद्युत खरिद गर्ने सम्बन्धमा जनसंख्या तथा वातावरण मन्त्रालयले उर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसंग समन्वय गरी दुइ महिनाभित्र नीतिगत व्यवस्था गर्ने ।

७. उद्योग मन्त्रालयअन्तर्गतका चार विभागीय कार्यालय रहेको त्रिपुरेश्वरको उद्योग परिसरमा विद्युत आपूर्ति नियमित हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेकोले उर्जा मन्त्रालयले नेपाल विद्युत प्राधिकरणमार्फत डेडिकेटेड फिडरको व्यवस्था गर्न सहजीकरण गर्ने ।

८. रणनीतिक सडक र पूलहरुको निर्माण भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट गर्ने र जिल्ला सडक सञ्जालमा पर्ने सडक र पूलहरु संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई प्राविधिक जनशक्ति र उपकरण सहित हस्तान्तरण गर्नेगरी यस समितिको ३६ सौं बैठकबाट भएको निर्णयबमोजिम बाँकी कार्य दुईवटै मन्त्रालय बसी दुई महिनाभित्र टुंगो लगाउने ।

९.स्वास्थ्य मन्त्रालयले आवश्यक थप पूल दरबन्दी सृजना गरेर भए पनि प्रत्येक प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सक पठाउने व्यवस्था गर्ने ।

१०. एकिकृत रुपमा सहरी विकास गर्ने कार्यको समन्वय तथा अनुगमन गर्न मा. सहरी विकास मन्त्री संयोजक, राष्ट्रिय योजना आयोगका शहरी विकास हेर्ने मा. सदस्य उपसंयोजक र सहरी विकास, संघीय मामिला

तथा स्थानीय विकास, भौतिक पूर्वाधार तथा यातायात व्यवस्था, उर्जा र खानेपानी तथा सरसफाई मन्त्रालयका सचिव सदस्य रहने एक उच्चस्तरीय समिति गठन गर्ने ।

११. एउटा प्रयोजनका लागि उपलब्ध गराइएको बन क्षेत्र अर्को प्रयोजनका लागि प्रयोग भइराखेको र विभिन्न स्थानमा बनको अतिक्रमण भइरहेको सन्दर्भमा उपलब्ध गराइएको बन क्षेत्र सोही प्रयोजनका लागि प्रयोग भए, नभएको एकिन गर्न वा सम्झौताका शर्तहरुलाई कडाइका साथ पालना गर्न, गराउन र बन अतिक्रमण रोक्न बन मन्त्रालयले प्रभावकारी रुपमा निरन्तर अनुगमन गर्ने ।

१२. जिल्ला पशु सेवा कार्यालय, विभिन्न सेवा केन्द्र तथा पशु विकास फार्महरुको जग्गा सुरक्षा निकाय र अन्य संस्थाहरुले प्रयोग गरिरहेको सम्बन्धमा पशुपन्छी विकास मन्त्रालयले गृह र रक्षा मन्त्रालयसँग समन्वय गरी फिर्ता लिने व्यवस्था मिलाउने ।

१३. प्राकृतिक प्रकोपबाट कृषकहरुले पालेका पशुपन्छीको क्षति हुंदा राहत दिने सम्बन्धमा पशुपन्छी विकास मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी दुई महिनाभित्र मापदण्ड बनाउने ।

१४. पशुपन्छी बीमा सेवालाई थप बिस्तार गर्दै सबै जिल्ला खासगरी दुर्गम जिल्लामा सेवा विस्तार हुने सुनिश्चितताका लागि अर्थ मन्त्रालयले बीमा समितिलाई तुरुन्त निर्देशन दिने ।

१५. रानी जमरा कुलरिया सिंचाइ आयोजनाको मूल नहरको रेखाङ्कनको २०० मिटरभित्र रहेको ३२ कट्ठा जग्गामा रहेका मुक्त कमैयालाई बैकल्पिक व्यवस्था गरेर भूमिसुधार तथा व्यवस्था मन्त्रालयले नहर रेखाङ्कन क्षेत्र खाली गर्ने ।

१६. सिक्टा सिंचाइ आयोजनामा प्रयोग हुने नदीजन्य निर्माण सामग्री, उत्खनन, संकलन तथा प्रशोधन सम्बन्धमा नेपाल सरकार (मं.प.) को २०७२/१२/४ को निर्णय बाहेक थप स्थानीय शुल्क जिल्ला विकास समितिबाट माग भएको सम्बन्धमा सिंचाइ मन्त्रालयले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी तुरुन्त समाधान गर्ने ।

१७. पूँजीगत खर्च वृद्धि गर्न देहायबमोजिम गर्ने

(क) आयोजना कार्यान्वयनका समन्वयसम्बन्धी समस्या प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने र यसको समाधान मुख्य सचिवको संयोजकत्वमा रहेको केन्द्रीय अनुगमन समिति वा सचिव बैठकबाट गर्ने ।

(ख) प्रचलित ऐन नियम र ठेक्काको सम्झौता वा शर्तबमोजिम परामर्शदाता वा ठेकेदारले काम नगरेमा वा ठेकेदारले मोविलाइजेसन पेश्की लिई आलटाल गरेमा वा साना ठेकेदारलाई काम लगाई मूल ठेकेदारले फिल्डमा काम नगरेमा यथाशीघ्र प्रक्रिया पुर्याई कार्बाही गर्ने । यस अनुसार कार्बाही गर्नुपर्ने अबस्थामा पनि नगरेमा सम्बन्धित प्रमुखलाई कार्बाही गर्ने र यसलाई निजको कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने ।

(ग) निश्चित सूचक विकास गरी विभागीय प्रमुख, प्रथम प्राथमिकतामा रहेका आयोजना प्रमुख र सार्वजनिक वा स्वायत्त निकायका प्रमुखसँग कार्य सम्पादन करार गर्ने ।

(घ) काम भइसकेपछि समयमै रकम भुक्तानी दिने र यसरी भुक्तानी भए नभएको अनुगमन गर्न जानेले अनिवार्य रुपमा हेरी प्रतिवेदन दिने ।

१८. अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउन देहायबमोजिम गर्ने

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अन्य निकायबाट भएको अनुगमनको अनुगमन गर्ने ।

(ख) मन्त्रालय तहमा सम्बन्धित माननीय मन्त्री र सचिवले नै प्रमुख आयोजनाहरुको अनुगमन गर्ने र स्थलगत रुपमै समस्या समाधान तथा आवश्यक कार्वाही गरी आयोजना कार्यान्वयनको सुनिश्चितता गर्ने ।

(ग) राष्ट्रिय योजना आयोगले कार्यक्रम तथा आयोजनाको नतीजाको अनुगमन तथा मूल्यांकन गर्ने । आयोगका सदस्यलाई कुनै एक प्रदेशको जिम्मा दिई सो प्रदेशमा रहेका प्रमुख आयोजनाको नियमित अनुगमन गर्न लगाउने । यस्तो अनुगमन अन्य आवश्यक निकाय तथा विज्ञलाई संलग्न गराई संयुक्त रुपमा गर्न सकिने ।

(घ) मन्त्रालयहरुमा रहेका अनुगमन तथा मूल्यांकन महाशाखा तथा शाखाहरुलाई साधन स्रोत उपलब्ध गराई सुदृढ गर्ने र त्यहाँ कार्यरत जनशक्तिको क्षमता विकास गरी अनुगमन तथा मूल्यांकन कार्यमा लगाउने । क्षेत्रीय प्रशासन कार्यालय तथा क्षेत्रीय स्तरका विभिन्न निर्देशनालयहरुलाई आयोजनाहरुको अनुगमनमा विशेष ध्यान दिन निर्देशन दिने ।

(च) आयोजना तर्जुमा गर्दा अनुगमनसम्बन्धी क्रियाकलाप समावेस गर्ने र यसलाई आयोजना व्यवस्थापनकै अभिन्न अंगका रुपमा आत्मसात गर्न लगाउने ।

(छ) राष्ट्रिय योजना आयोगले तयार गरेको आयोजना व्यवस्थापन सूचना प्रणाली (PPIS) अनिवार्य रुपमा सबै निकायले प्रयोगमा ल्याउने ।

(ज) अनुगमन तथा मूल्यांकन प्रतिवेदनहरु सबै निकायले अनिवार्यरुपमा आफ्नो वेबसाइटमा राख्ने र सुझावहरु कार्यान्वयनमा ल्याउने ।

(झ) अनुगमन तथा मूल्यांकन विधेयकलाई प्राथमिकताका साथ संसदमा पेश गर्न पहल गर्ने ।

१९. पुनःनिर्माणका सम्बन्धमा देहायबमोजिम गर्ने

(क) अर्थ मन्त्रालयले विकास साझेदारले प्रतिवद्धता गरेको रकम सरकारी बजेट प्रक्रियाभित्रै परिचालन गर्नेगरी सम्झौता कार्य अघि बढाउन विशेष ध्यान दिने ।

(ख) मन्त्रालय/निकायहरुले प्राधिकरणबाट स्वीकृत भइसकेको कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

(ग) पूर्वाधारसम्बन्धी आयोजनाहरुलाई बहुवर्षीय ठेक्कामार्फत संचालन गर्ने व्यवस्था मिलाउने ।

(घ) प्राधिकरण र अन्तर्गतको संगठन बोझिलो भएकाले कार्य प्रकृतिका आधारमा उचित आकार दिनेगरी पुनःगठन गर्ने ।